# आर्थिक गतिविधि अध्ययन

(काठमाडौं, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा,
सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रबाट
प्राप्त ५७ जिल्लाको तथ्याङ्क, सूचना
एवम् स्थलगत अध्ययनमा
आधारित)

## अर्ध-वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०७५/७६)


**नेपाल राष्ट्र बैंक**

अनुसन्धान विभाग

आर्थिक विकास शाखा

बालुवाटार, काठमाडौं


*२०७६ असार*

## अध्ययन प्रतिवेदनको संक्षिप्त परिचय

१. आर्थिक वर्ष २०७०/७१ देखि कार्यान्वयनमा रहेको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७०" अनुसार आर्थिक वर्ष २०७५/७६ को प्रथम ६ महिनाको आर्थिक गतिविधि समेटी यो प्रतिवेदन तयार गरिएको छ ।

२. नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग, आर्थिक विकास शाखा र नेपाल राष्ट्र बैंकका काठमाडौं उपत्यका बाहिरका कार्यालय (विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी) बाट तोकिएका ५७ जिल्लामा गरिएको स्थलगत सर्वेक्षण र सरोकारवालासँगको अन्तरक्रियामा प्रतिवेदन आधारित छ ।

३. मुलुक संघीय संरचनामा गए पश्चात् तथ्याङ्क संकलनका साविकका स्रोत परिवर्तन भएका र नयाँ स्रोत व्यवस्थित भइ नसकेका कारण समयमै तथ्याङ्क संकलन गरी अध्ययन प्रतिवेदन तयार गर्ने कार्यमा समेत चुनौती थपिएको छ ।

४. कृषि, उद्योग र सेवा क्षेत्रमा समीक्षा अवधिको स्थिति एवम् चुनौतीको संक्षिप्त चर्चा गरिएको छ ।

५. अध्ययनमा समावेश क्षेत्र र जिल्ला देहाय बमोजिम रहेका छन् ।

| **क्षेत्र** | **अध्ययनमा समेटिएका जिल्ला** |
|---|---|
| काठमाडौं | काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक, रसुवा र दोलखा |
| विराटनगर | इलाम, झापा, सुनसरी, मोरङ्ग, धनकुटा, सप्तरी, ताप्लेजुङ्ग, पाँचथर र संखुवासभा |
| जनकपुर | सिराहा, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र उदयपुर |
| वीरगञ्ज | बारा, पर्सा, मकवानपुर, रौतहट र चितवन |
| पोखरा | कास्की, स्याङ्जा, गोर्खा, तनहुँ, लमजुङ, बाग्लुङ, पर्वत, म्याग्दी र मुस्ताङ्ग |
| सिद्धार्थनगर | रूपन्देही, नवलपरासी, कपिलवस्तु, पाल्पा, अर्घाखाँची र गुल्मी |
| नेपालगञ्ज | बाँके, बर्दिया, दाङ, सुर्खेत, सल्यान र जुम्ला |
| धनगढी | कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी, बैतडी, अछाम र दार्चुला |

# विषय-सूची


| | | |
|---|---|---|
| | | **पेज नं.** |
| **कार्यकारी सारांश** | | **१-२** |
| **परिच्छेद १** | **कृषि क्षेत्र** | **३-६** |
| १.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ३ |
| १.२ | कृषि उत्पादन | ४ |
| १.३ | सिँचाइ सुविधा | ६ |
| १.४ | क्षेत्रगत कृषि कर्जा स्थिति | ६ |
| **परिच्छेद २** | **उद्योग क्षेत्र** | **७-८** |
| २.१ | प्रमुख उद्योगहरुको क्षमता उपयोग तथा उत्पादन स्थिति | ७ |
| २.२ | क्षेत्रगत औद्योगिक कर्जा स्थिति | ८ |
| **परिच्छेद ३** | **सेवा क्षेत्र** | **९-१०** |
| ३.१ | पर्यटन उद्योग | ९ |
| ३.२ | घरजग्गा कारोबार | ९ |
| ३.३ | वित्तीय सेवा | ९ |
| ३.४ | यातायात तथा संचार | १० |
| **परिच्छेद ४** | **प्रमुख चुनौतीहरु** | **११-१२** |
| ४.१ | कृषि क्षेत्र | ११ |
| ४.२ | उद्योग क्षेत्र | ११ |
| ४.३ | सेवा क्षेत्र | १२ |
| ४.४ | पूर्वाधार क्षेत्र | १२ |

# कार्यकारी सारांश

## कृषि क्षेत्र

१. आर्थिक वर्ष २०७५/७६ को पहिलो ६ महिनामा आर्थिक गतिविधि अध्ययनमा समेटिएका ५७ जिल्लाको कृषि उपजले ढाकेको समग्र भू-क्षेत्र ४.६ प्रतिशतले वृद्धि भएको छ भने त्यस्ता भू-क्षेत्रमा लगाइएका बालीको उत्पादन ७.४ प्रतिशतले बढेको छ ।

२. प्रमुख खाद्यान्न बालीमध्ये धानको उत्पादन ८.३ प्रतिशत, मकैको उत्पादन ०.९ प्रतिशत, आलुको उत्पादन १३.५ प्रतिशतले वृद्धि भएको छ भने कोदोको उत्पादनमा १.३ प्रतिशतले कमी आएको छ । त्यसैगरी, तरकारीको उत्पादन ७.८ प्रतिशतले वृद्धि भएको छ ।

३. पशुजन्य उत्पादन अन्तर्गत दुधको उत्पादन ५.७ प्रतिशत, मासुको उत्पादन ३.० प्रतिशत, अण्डाको उत्पादन ४.७ प्रतिशत र माछाको उत्पादन ७.८ प्रतिशतले वृद्धि भएको छ । वनजन्य उत्पादन अर्न्तगत काठको उत्पादन ३२.१ प्रतिशतले वृद्धि भएको छ ।

४. अध्ययन क्षेत्र अर्न्तगतका बैंक तथा वित्तीय संस्थाले कुल प्रवाहित कर्जाको ५.० प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गरेका छन् ।

## उद्योग क्षेत्र

५. समीक्षा अवधिमा नमुना छनौटमा परेका प्रमुख उद्योगको क्षमता उपयोग ६०.० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा क्षमता उपयोग ५८.० प्रतिशत रहेको थियो ।

६. औद्योगिक उत्पादनमध्ये पेय पदार्थ, धागो, जुटका सामान, प्रशोधित छाला, कागज तथा कागजका उत्पादन, प्लास्टिकका सामान उत्पादनमा वृद्धि भएको छ भने वनस्पति घिउ तथा तेल, प्रशोधित दुध, अन्न तथा पशुदाना, चुरोट, रोजिन तथा बिजुलीका तार र केबुलको उत्पादनमा ह्रास आएको छ ।

७. अध्ययन क्षेत्र अर्न्तगतका बैंक तथा वित्तीय संस्थाले कुल प्रवाहित कर्जाको ३५.८ प्रतिशत कर्जा उद्योग क्षेत्रमा प्रवाह गरेका छन् ।

## सेवा क्षेत्र

८. समीक्षा अवधिमा पर्यटन गतिविधि उत्साहजनक रहेको छ । यस अवधिमा पर्यटक आगमन ३३.७ प्रतिशतले बढेको छ भने पर्यटकस्तरीय होटल तथा लजको संख्या ९.५ प्रतिशत र होटल शैय्या संख्या ८.० प्रतिशतले बढेको छ ।

९. घरजग्गा कारोबारको संख्या र सोको राजस्वमा सामान्य वृद्धि भएको छ । घरजग्गा रजिष्ट्रेशन संख्या १.१ प्रतिशत तथा रजिष्ट्रेशन वापतको राजस्व ३.६ प्रतिशतले वृद्धि भएको छ ।

१०. अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाको निक्षेप ६.६ प्रतिशतले वृद्धि भएको छ भने कर्जा प्रवाह २१.४ प्रतिशतले वृद्धि भएको छ । बैंक तथा वित्तीय संस्थाको कर्जा-निक्षेप अनुपात ९१.२ प्रतिशत रहेको छ ।

११. अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाको कुल निक्षेपमा काठमाडौं क्षेत्रको अंश ६८.६ प्रतिशत छ भने कुल कर्जामा यस क्षेत्रको अंश ४९.९ प्रतिशत छ ।

१२. मोटरसाइकल र अन्य सवारी साधनको आयातमा भएको वृद्धिका कारण समीक्षा अवधिमा यातायातका साधनको संख्या १२.९ प्रतिशतले वृद्धि भएको छ । नेपाल टेलिकम, एनसेल तथा अन्य कम्पनीबाट वितरण गरिएको मोवाइल (सिडिएमए समेत) तथा ल्याण्डलाइन टेलिफोनको संख्या ४.९ प्रतिशतले वृद्धि भएको छ ।

**निष्कर्ष**

१३. अनुकुल मौसम, सरकारद्वारा संचालित विभिन्न कार्यक्रमको प्रभाव, कृषि बीमामा अनुदानको व्यवस्था, कृषि आगतको आपूर्तिमा सहजता तथा बढ्दो ब्यावसायीकरणका कारण कृषि क्षेत्रको समग्र उत्पादन बढेको छ ।

१४. विद्युत आपूर्तिमा सुधार आएको तथा निर्माणजन्य गतिविधिमा विस्तार भएसँगै खानीजन्य उत्पादनमा समेत वृद्धि भएकोले औद्योगिक क्षेत्रको उत्पादन बढेको छ । पर्यटक आगमनमा भएको वृद्धि, वित्तीय मध्यस्थतामा भएको विस्तार तथा शिक्षा-स्वास्थ्य लगायतका क्रियाकलापमा भएको बढोत्तरीका कारण सेवा क्षेत्र पनि विस्तार भएको छ ।

१५. कृषि क्षेत्रमा मौसमी निर्भरतालाई कम गर्न सिँचाई सुविधामा विस्तार, कृषि उपजको बजारीकरण तथा कृषियोग्य जमीन खण्डीकरण नियन्त्रण गरी कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्नुपर्ने देखिन्छ ।

१६. औद्योगिक पूर्वाधारको विकास, उपलब्ध क्षमताको अधिकतम उपयोग र प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि तथा लगानीमैत्री वातावरणको सृजना गरी औद्योगिक क्षेत्रको उत्पादन वृद्धि गर्नुपर्ने आवश्यकता छ । साथै, औद्योगिक क्षेत्रको विकासका लागि राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयनमा तीब्रता ल्याउन पनि आवश्यक देखिन्छ ।


१७. पर्यटक आगमनमा उल्लेख्य वृद्धि भएतापनि पर्यटकको वसाई अवधि र खर्चमा खासै वृद्धि हुन नसकिरहेको अवस्थामा पर्यटकीय गन्तब्यमा यातायात तथा अन्य पुर्वाधारको विस्तार गरी बसाई अवधि तथा प्रति पर्यटक खर्च वृद्धि गर्नुपर्ने छ ।

# परिच्छेद १
# कृषि क्षेत्र

## १.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७५/७६ को पहिलो ६ महिनामा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको कुल क्षेत्रफल ४.६ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको यसै अवधिमा यस्तो क्षेत्रफल ०.८ प्रतिशतले बढेको थियो ।

**१.१.१. खाद्य तथा अन्य बाली :** खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ४.५ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ०.४ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा धान, मकै, गहुँ, जौ, आलु, उखु, सुर्ती तथा तेलहन बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने कोदो, फापर, सनपाट, भटमास तथा दलहन बालीले ढाकेको क्षेत्रफल घटेको छ ।




**१.१.२. तरकारी :** तरकारी बालीले ढाकेको क्षेत्रफल ५.२ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा उक्त क्षेत्रफल ४.३ प्रतिशतले वृद्धि भएको थियो ।

**१.१.३ फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल ६.४ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीले ढाकेको क्षेत्रफल ४.६ प्रतिशतले बढेको थियो ।

**क्षेत्रगत स्थिति :** समीक्षा अवधिमा काठमाडौं, वीरगञ्ज र सिद्धार्थनगर क्षेत्रका खाद्य तथा अन्य बालीले ढाकेको भू-भागमा कमी आएको छ भने अन्य सबै क्षेत्रमा बढेको छ । काठमाडौं र जनकपुर क्षेत्र बाहेक अन्य सबै क्षेत्रमा तरकारी बालीले ढाकेको क्षेत्रफल बढेको छ । त्यसैगरी, काठमाडौं, वीरगञ्ज र सिद्धार्थनगर क्षेत्रमा फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल घटेको छ भने अन्य सबै क्षेत्रमा बढेको छ ।


यस सम्बन्धी विस्तृत विवरण तालिका १ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## १.२. कृषि उत्पादन

समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) को कुल उत्पादन ७.४ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीको उत्पादन १.३ प्रतिशतले वृद्धि भएको थियो ।


**१.२.१. खाद्य तथा अन्य बाली :** खाद्य तथा अन्य बालीको उत्पादन ६.६ प्रतिशतले बढेको छ । प्रमुख खाद्य बालीमध्ये धानको उत्पादन ८.३ प्रतिशत, मकैको उत्पादन ०.९ प्रतिशत, आलुको उत्पादन १३.५ प्रतिशत, उखुको उत्पादन ३.१ प्रतिशत, सुर्तीको उत्पादन १०.८ प्रतिशत, भटमासको उत्पादन ५.७ प्रतिशत, फापरको उत्पादन ४.१ प्रतिशत, दलहनको उत्पादन २३.४ प्रतिशत र तेलहनको उत्पादन १८.० प्रतिशतले वृद्धि भएको छ भने कोदोको उत्पादन १.३ प्रतिशत, जौको उत्पादन २.२ प्रतिशत र सनपाटको उत्पादन ३.२ प्रतिशतले घटेको छ । मौसमी अनुकुलता र विभिन्न बालीको पकेट क्षेत्र संचालनका कारणले केही बालीको उत्पादनमा उल्लेखनीय वृद्धि हुन गएको छ ।

गत वर्षको सोही अवधिमा मकैको उत्पादन ३.३ प्रतिशत, जौको उत्पादन २८.३ प्रतिशत, आलुको उत्पादन ५.४ प्रतिशत, सुर्तीको उत्पादन १२.० प्रतिशत र भटमासको उत्पादन ३.४ प्रतिशतले बढेको थियो भने धानको उत्पादन ०.२ प्रतिशत, कोदोको उत्पादन ३.४ प्रतिशत, फापरको उत्पादन ०.५ प्रतिशत, उखुको उत्पादन ४.४ प्रतिशत र तेलहनको उत्पादन १०.४ प्रतिशतले घटेको थियो ।




मौसमी अनुकुलता, कृषि कर्जा तथा ब्याज अनुदान सम्बन्धी व्यवस्था, रासायनिक मल र उन्नत बीउ-बिजनको उपलब्धता एवम् कृषक समूहले आधुनिक कृषि यन्त्रको उपयोग बढाउनु, साना तथा मझौला सिँचाइ आयोजनाको निर्माण सम्पन्न हुँदै जानु एवम् विभिन्न जिल्लामा सञ्चालनमा रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सकारात्मक प्रभाव लगायतका कारण समग्र कृषि उत्पादनमा वृद्धि हुन गएको छ ।

भौगोलिक क्षेत्रको आधारमा सबै क्षेत्रमा खाद्य तथा अन्य बालीको उत्पादनमा वृद्धि भएको छ । यस्ता बालीको उत्पादन काठमाडौं क्षेत्रमा सबैभन्दा बढी १९.७ प्रतिशतले र वीरगञ्ज क्षेत्रमा सबैभन्दा कम ०.२ प्रतिशतले वृद्धि भएको छ (चार्ट ३) ।




**१.२.२. तरकारी** : समीक्षा अवधिमा तरकारीको उत्पादन ७.८ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा तरकारी उत्पादन ९.९ प्रतिशतले बढेको थियो । जनकपुर र धनगढी क्षेत्रमा तरकारीको उत्पादन घटेको छ भने बाँकी क्षेत्रमा वृद्धि भएको छ । नेपालगञ्ज क्षेत्रमा सबैभन्दा बढी ४३.५ प्रतिशतले तरकारीको उत्पादन वृद्धि भएको छ ।

**१.२.३. फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन १५.९ प्रतिशतले बढेको छ । यस समूह अन्तर्गत आँपको उत्पादन ७०.८ प्रतिशत, सुन्तलाको उत्पादन ११.२ प्रतिशत, केराको उत्पादन ८.६ प्रतिशत, मसलाको उत्पादन १६.६ प्रतिशत र अन्य फलफूलको उत्पादन ६.२ प्रतिशतले वृद्धि भएको छ भने स्याउको उत्पादन ४.४ प्रतिशत, कफीको उत्पादन १.० प्रतिशत र चियाको उत्पादनमा ०.३ प्रतिशतले कमी आएको छ । गत वर्षको सोही अवधिमा सुन्तला, आँप र स्याउको उत्पादनमा ह्रास आएको थियो भने बाँकी फलफूल तथा मसला बालीको उत्पादनमा वृद्धि भएको थियो ।

काठमाडौं क्षेत्रमा फलफूल तथा मसला बालीको समग्र उत्पादन घटेको छ भने बाँकी क्षेत्रमा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका २ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

**१.२.४. पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन :** गत वर्षको पहिलो ६ महिनामा ४.७ प्रतिशतले वृद्धि भएको दुध उत्पादन समीक्षा अवधिमा ५.७ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा मासु उत्पादन ३.० प्रतिशत र अण्डा उत्पादन ४.७ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा मासु उत्पादन १०.१ प्रतिशतले र अण्डा उत्पादन १२.६ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा मासुजन्य उत्पादनतर्फ भैंसी/राँगोको मासु उत्पादन २.७ प्रतिशत, खसी/बोका/भेडाको मासु उत्पादन ३.५ प्रतिशत, सुंगुर/बंगुरको मासु उत्पादन २.० प्रतिशत र कुखुरा तथा हाँसको मासु उत्पादन ३.६ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा भैसी/राँगोको मासु उत्पादन ८.४ प्रतिशत, खसी/बोका/भेडाको मासु उत्पादन १०.७ प्रतिशत, सुंगुर/बंगुरको मासु उत्पादन २.७ प्रतिशत र कुखुरा तथा हाँसको मासु उत्पादन १७.० प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा अवधिमा माछाको उत्पादन ७.८ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा माछाको उत्पादनमा २.४ प्रतिशतले कमी आएको थियो । त्यसैगरी, समीक्षा अवधिमा विभिन्न आयोजनाको निर्माणमा तीब्रता आएको कारणले वनजन्य उत्पादनतर्फ काठको उत्पादन ३२.१ प्रतिशत, दाउराको उत्पादन १००.१


प्रतिशत, औषधीजन्य वस्तुको उत्पादन १४६.८ प्रतिशत र अन्य उत्पादन ३९७.४ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा यी वस्तुको उत्पादन २८.१ प्रतिशत, २०.५ प्रतिशत, ५७.७ प्रतिशत र ५३.५ प्रतिशतले घटेको थियो ।

समीक्षा अवधिमा दुधको उत्पादन सबै क्षेत्रमा वृद्धि भएको छ । त्यसैगरी, काठमाडौं क्षेत्रमा मासुको उत्पादनमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ। अण्डाको उत्पादन भने सबै क्षेत्रमा वृद्धि भएको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ३ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ।

## १.३. सिँचाइ सुविधा

समीक्षा अवधिमा ५७ जिल्लाको कुल सिंचित क्षेत्रफल ३.१ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा सिंचित क्षेत्रफल २.१ प्रतिशतले वृद्धि भएको थियो। कुल खेती गरिएको भू-भागमध्ये ४६.६ प्रतिशत क्षेत्रफल सिंचित रहेको देखिन्छ। कुल सिंचित क्षेत्रफलमध्ये ३९.६ प्रतिशत कुलो, ४७.४ प्रतिशत नहर, १.९ प्रतिशत पोखरी र ११.१ प्रतिशत बोरिङ्गबाट भएको देखिन्छ।




समीक्षा अवधिमा बीरगञ्जवाहेक अन्य सबै क्षेत्रमा सिँचाइ सुविधामा विस्तार भएको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ४ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ।

## १.४ क्षेत्रगत कृषि कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कृषि कर्जा २१.१ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ३६ अर्ब ३० करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा ९.६ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु. ५१ अर्ब ३ करोड १७ लाख कर्जा अन्य कृषि तथा कृषिजन्य सेवाहरु शीर्षकमा प्रवाह भएको छ भने सबैभन्दा न्यून सूर्ति बालीमा रु. ९ करोड ८० लाख प्रवाह भएको देखिन्छ। कुल कर्जामध्ये कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश ५.० प्रतिशत रहेको छ।

कृषि क्षेत्रमा प्रवाहित कर्जामध्ये काठमाडौं क्षेत्रको अंश २०.७ प्रतिशत, विराटनगर क्षेत्रको १७.३ प्रतिशत, जनकपुर क्षेत्रको ६.४ प्रतिशत, बीरगञ्ज क्षेत्रको २२.५ प्रतिशत, पोखरा क्षेत्रको ७.२ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको १५.४ प्रतिशत, नेपालगञ्ज क्षेत्रको ६.६ प्रतिशत तथा धनगढी क्षेत्रको अंश ३.९ प्रतिशत रहेको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ५ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ।

# परिच्छेद २
# उद्योग क्षेत्र

## २.१ प्रमुख उद्योगको क्षमता उपयोग तथा उत्पादन स्थिति

२.१.१. समीक्षा अवधिमा सर्वेक्षणमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ६०.० प्रतिशत रहेको छ । गत वर्षको यसै अवधिमा ती उद्योगको औसत क्षमता उपयोग ५८.० प्रतिशत रहेको थियो । यस अवधिमा पश्मिना, बियर, वनस्पति घिउ, फलामको रड, प्रशोधित चिया, खाने तेल र चाउचाउ उद्योगले अधिकतम क्षमता उपयोग गरेको देखिएको छ भने गार्मेन्ट उद्योगको क्षमता उपयोग सबैभन्दा कम अर्थात् ३२.१ प्रतिशत मात्र रहेको देखिएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ६ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

२.१.२ अध्ययनले समेटेका उद्योगमध्ये वनस्पति घिउ तथा तेल, अन्न तथा पशुदाना, प्रशोधित दुध, अन्य खाद्य पदार्थ, चुरोट, सिन्थेटिक कपडा, पश्मिना, गार्मेन्ट, रोजिन, विजुलीका तार र केबुलको उत्पादनमा ह्रास आएको छ । मदिरा, वियर, हल्का पेय पदार्थ, धागो, जुटका सामान, प्रशोधित छाला, चिरेको काठ, कागज तथा कागजका उत्पादन, प्लाष्टिकका सामान, धातुका उपकरण आदिको उत्पादनमा वृद्धि भएको छ ।

२.१.३ समीक्षा अवधिमा पेय पदार्थ समूहको उत्पादन ११.४ प्रतिशत, जुटका सामान १३.३ प्रतिशत, चिरेको काठको उत्पादन २६.१ प्रतिशत, कागज तथा कागजका उत्पादन ५०.५ प्रतिशत, प्लास्टिकको सामानको उत्पादन १.५ प्रतिशतले बढेको छ भने वनस्पति घिउ तथा तेल ७.० प्रतिशत, दुग्ध पदार्थ ९.८ प्रतिशत, अन्न तथा पशुदाना समूहको उत्पादन ५.७ प्रतिशत, अन्य खाद्य पदार्थ समूहको उत्पादन ३.४ प्रतिशत र चुरोटको उत्पादन १२.३ प्रतिशतले ह्रास आएको छ । यस्तै, तयारी कपडा ५१.४ प्रतिशत, रोजिनको उत्पादन ९९.२ प्रतिशत तथा विजुलीको तार र केबुल उत्पादनमा १.७ प्रतिशतले ह्रास आएको छ ।


२.१.४ काठमाडौं क्षेत्रमा मुख्यतः प्रशोधित दुध, पश्मिना, चाउचाउ, औषधिजन्य उत्पादन, जुत्ता उत्पादन हुने गरेको छ । विराटनगर क्षेत्रमा वनस्पति घिउ तथा तेल, अन्य खाद्य पदार्थ, जुटका सामान, धातुका उपकरण, सिमेन्ट आदिको उत्पादन प्रमुख रहेको छ भने जनकपुर क्षेत्रमा मदिरा, कागज, सिमेन्ट उत्पादन हुने गरेको छ । त्यसैगरी, वीरगञ्ज क्षेत्रमा वनस्पति घिउ तथा तेल, प्रशोधित दुध, पशुदाना, हल्का पेय पदार्थ, चुरोट, लत्ताकपडा, सिमेन्ट, प्रशोधित छाला, औषधी, फलामको छड तथा पत्ति; पोखरा क्षेत्रमा विस्कुट, चाउचाउ; सिद्धार्थनगर क्षेत्रमा गहुँको पिठो, वियर, औषधि, सिमेन्ट; नेपालगञ्ज क्षेत्रमा तोरीको तेल, गहुँको पिठो, सिमेन्ट तथा धनगढी क्षेत्रमा गहुँको पिठो, चिरेको काठ, रोजिन लगायतका वस्तुको उत्पादन हुने गरेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ७ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## २.२ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

२.२.१ समीक्षा अवधिमा अध्ययनमा समावेश भएका क्षेत्रका बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा १७.१ प्रतिशतले वृद्धि भई रु. ९ खर्ब ६६ अर्ब ८४ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा १२.८ प्रतिशतले वृद्धि भएको थियो । कुल प्रवाहित कर्जामध्ये औद्योगिक क्षेत्रमा गएको कर्जाको अंश ३५.८ प्रतिशत रहेको छ ।

२.२.२ कुल औद्योगिक कर्जामध्ये खानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी ४३.९ प्रतिशतले वृद्धि भएको छ भने सबैभन्दा कम निर्माण क्षेत्रमा १०.६ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, उत्पादन सम्बन्धी उद्योगमा २१.३ प्रतिशत, विद्युत, ग्याँस र पानी सम्बन्धी उद्योगमा १६.१ प्रतिशत, धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा १८.४ प्रतिशत र पर्यटन उद्योग/ सेवा सम्बन्धी उद्योगमा १४.८ प्रतिशतले कर्जा प्रवाह वृद्धि भएको छ ।




**चार्ट ४ : औद्योगिक कर्जा प्रवाह (रु.करोडमा)**

२.२.३ कुल औद्योगिक कर्जामध्ये उत्पादन सम्बन्धी क्षेत्रमा ४७.४ प्रतिशत, निर्माण सम्बन्धी उद्योगमा २७.० प्रतिशत, विद्युत, ग्याँस तथा पानी उद्योगमा १०.४ प्रतिशत, पर्यटन उद्योगमा १०.० प्रतिशत, धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा ४.० प्रतिशत एवम् खानी सम्बन्धी उद्योगमा १.२ प्रतिशत अंश रहेको छ ।

२.२.४ कुल औद्योगिक कर्जामध्ये काठमाडौं क्षेत्रको अंश ५८.३ प्रतिशत, विराटनगर क्षेत्रको अंश ११.४ प्रतिशत, जनकपुर क्षेत्रको अंश १.८ प्रतिशत, वीरगञ्ज क्षेत्रको अंश १०.६ प्रतिशत, पोखरा क्षेत्रको अंश ५.७ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको अंश ७.३ प्रतिशत, नेपालगञ्ज क्षेत्रको अंश ३.१ प्रतिशत र धनगढी क्षेत्रको अंश १.८ प्रतिशत रहेको छ । अधिकांश बैंक तथा वित्तीय संस्थाको केन्द्रीय कार्यालय काठमाडौंमा रहेको र ठूलो परिमाणको कर्जा स्वीकृतिको अधिकार केन्द्रीय कार्यालयमा रहने भएकाले काठमाडौं क्षेत्रको औद्योगिक कर्जा प्रवाहको अंश उच्च देखिएको हो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ८ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद ३
# सेवा क्षेत्र

## ३.१ पर्यटन उद्योग

समीक्षा अवधिमा अध्ययनमा समेटिएका जिल्लामा पर्यटकस्तरीय होटल तथा लजको संख्या ९.५ प्रतिशतले वृद्धि भई २ हजार ९ सय २९ पुगेको छ भने होटल शैय्या संख्या ८.० प्रतिशतले बढ्न गई ८५ हजार २ सय ४० पुगेको छ। समीक्षा अवधिमा पर्यटक आगमन ३३.७ प्रतिशतले वृद्धि भई ६ लाख ६२ हजार ३ सय १४ पुगेको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ९ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ।

## ३.२ घरजग्गा कारोबार

३.२.१ समीक्षा अवधिमा समग्र घरजग्गा रजिष्ट्रेशन संख्यामा १.१ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा सो संख्यामा २१.६ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलन ३.६ प्रतिशतले वृद्धि भई रु. ८ अर्ब २९ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो राजस्व संकलनमा २१.७ प्रतिशतले कमी आएको थियो । समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या २.७ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा घर/भवन नक्सा पास संख्या २९.६ प्रतिशतले बढेको थियो ।

३.२.२ विराटनगर, जनकपुर, नेपालगन्ज र धनगढी क्षेत्रमा घर-जग्गा रजिष्ट्रेशन वृद्धि भएको छ भने बाँकी सबै क्षेत्रमा ह्रास आएको छ । त्यसैगरी, विराटनगर, जनकपुर, पोखरा, नेपालगन्ज र धनगढी क्षेत्रमा घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व वृद्धि भएको छ भने अन्य सबै क्षेत्रमा घटेको छ । पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रमा घर/भवन नक्सा पास संख्या वृद्धि भएको छ भने अन्य सबै क्षेत्रमा ह्रास आएको छ ।


यस सम्बन्धी विस्तृत विवरण तालिका १० (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## ३.३ वित्तीय सेवा

३.३.१ अध्ययन क्षेत्रमा समेटिएका ५७ जिल्लामा वाणिज्य बैंकका ३००७, विकास बैंकका ११२४, वित्त कम्पनीका १९७ तथा लघुवित्त वित्तीय संस्थाका २७०१ गरी जम्मा ७०२९ शाखा सञ्चालनमा छन् । यसमध्ये काठमाडौं क्षेत्रमा सबैभन्दा बढी अर्थात् १४५६ तथा धनगढी क्षेत्रमा सबैभन्दा कम अर्थात् ५१८ शाखा सञ्चालनमा छन् ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ११ मा दिइएको छ ।

३.३.२ समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप ६.६ प्रतिशतले वृद्धि भई रु.२९ खर्ब ६३ अर्ब ८० करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप ७.१ प्रतिशतले वृद्धि भएको थियो ।




३.३.३ समीक्षा अवधिमा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २१.४ प्रतिशतले वृद्धि भई रु. २७ खर्ब २ अर्ब ७७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ७.३ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिको अन्तमा कर्जा निक्षेप अनुपात ९१.२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ८२.९ प्रतिशत रहेको थियो ।

३.३.४ समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेपमा काठमाडौं क्षेत्रको अंश ६८.६ प्रतिशत रहेको छ भने पोखरा क्षेत्रको ७.० प्रतिशत तथा सबैभन्दा कम धनगढी क्षेत्रको १.९ प्रतिशत रहेको छ । अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामा काठमाडौं क्षेत्रको अंश ४९.९ प्रतिशत रहेको छ भने वीरगञ्ज क्षेत्रको १६.० प्रतिशत तथा सबैभन्दा कम धनगढी क्षेत्रको २.६ प्रतिशत रहेको छ ।

निक्षेप तथा कर्जा सम्बन्धी विस्तृत विवरण तालिका १२ मा प्रस्तुत गरिएको छ ।

## ३.४ यातायात तथा संचार

३.४.१ समीक्षा अवधिमा अध्ययन क्षेत्रमा दर्ता भएका कुल सवारी साधन संख्या अघिल्लो वर्षको तुलनामा १२.९ प्रतिशतले वृद्धि भएको देखिन्छ । यसमध्ये मोटरसाईकलको संख्या ११.९ प्रतिशत तथा अन्य सवारी साधनको संख्या १६.२ प्रतिशतले वृद्धि भएको छ ।

यस सम्बन्धी विवरण तालिका १८ मा दिइएको छ ।

३.४.२ समीक्षा अवधिमा नेपाल टेलिकम, एनसेल तथा अन्य कम्पनीबाट वितरण गरिएको मोवाइल (सिडिएमए समेत) तथा ल्याण्डलाइन टेलिफोनको संख्यामा ४.९ प्रतिशतले वृद्धि भई ३ करोड ९६ लाख ३७ हजार १ सय ५ पुगेको छ भने कुल वितरित ईन्टरनेट सेवामा १.७ प्रतिशतले कमी आई १ करोड ६६ लाख १२ हजार २ सय ११ पुगेको छ ।

यस सम्बन्धी विवरण तालिका २१ मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद ४
# प्रमुख चुनौती

## ४.१ कृषि क्षेत्र

४.१.१ कृषि क्षेत्रको समग्र उत्पादन मौसमी अनुकूलतामा निर्भर रहेकोले कृषियोग्य भूमिमा वर्षभरी सिँचाई सुविधा उपलब्ध हुने गरी आवश्यक पूर्वाधार निर्माण गर्नु ।

४.१.२ हाल निर्माणाधीन राष्ट्रिय गौरवका सिँचाइ आयोजना यथाशीघ्र सम्पन्न गरी यी आयोजना मार्फत राष्ट्रिय उत्पादन प्रणालीमा सकारात्मक परिवर्तन ल्याउनु ।

४.१.३ कृषि उपजको बजारीकरणमा देखिएको समस्याले गर्दा एकातिर कृषि व्यवसायमा संलग्न किसानलाई उत्पादन गरेको वस्तुको कम मूल्य प्राप्त हुने अर्कोतिर उपभोक्ताले चर्को मूल्य तिर्नुपर्ने भई मूल्य स्थायित्वमा चाप पर्नु ।

४.१.४ कृषिजन्य वस्तुको आयात निरन्तर वृद्धि हुँदै गएको वर्तमान सन्दर्भमा कृषि उपजको उत्पादन वृद्धिका साथै उपभोग प्रवृत्तिमा परिवर्तन गरी कृषिजन्य वस्तुको आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्नु ।

४.१.५ कृषि तथा पशु बीमा कार्यक्रमलाई ग्रामीण क्षेत्रसम्म विस्तार गरी सबै कृषकको पहुँच पुऱ्याउनु ।

४.१.६ कृषि उपजको भण्डारणको लागि सबै स्थानीय तहमा शीतघरको निर्माण गर्नु ।

४.१.७ कृषि क्षेत्रमा बढ्दै गएको रासायनिक मल, कीटनाशक औषधिको प्रयोगतर्फ कृषकलाई सचेत गराउँदै कृषि उपजलाई स्वस्थकर बनाई दीर्घकालमा प्राङगारिक खेती प्रणालीको विकास गर्नु ।

४.१.८ पशुपालक कृषकलाई उत्प्रेरित गर्दै स्वस्थकर उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न पशु चिकित्सा सेवाको पहुँच सबै स्थानीय तहका सबै वडामा विस्तार गर्नु ।

४.१.९ कृषि आयात व्यवस्थापन गर्न प्रत्येक भन्सार नाकामा क्वारेन्टाइनको व्यवस्था, कृषि उपजको सहज बजारीकरणका लागि भण्डारण तथा सडक संजाल विस्तार, कृषि कर्जा, कृषिको आधुनिकीकरण, न्यूनतम समर्थन मूल्य तोक्ने व्यवस्था, भू-खण्डीकरण नियन्त्रण तथा प्रतिस्पर्धात्मक क्षमताको विकासमार्फत कृषि पेशामा युवालाई आकर्षित गर्नु ।

## ४.२ उद्योग क्षेत्र

४.२.१ प्रत्येक प्रदेशमा कम्तिमा एउटा विशेष आर्थिक क्षेत्रको स्थापना गरी ती आर्थिक क्षेत्रमा न्यूनतम पूर्वाधारको विकास गर्नु ।

४.२.२ औद्योगिक क्षेत्रमा नियमित विद्युत आपूर्ति गर्नु ।

४.२.३ औद्योगिक प्रतिष्ठानहरुको क्षमता उपयोग बढाउनु ।

४.२.४ उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ स्वदेशमा नै उत्पादन गरी कच्चा पदार्थको आयातमा क्रमशः कमी ल्याउदै उद्योगलाई आत्मनिर्भर बनाउनु ।

४.२.५ युवाको विदेश पलायनले औद्योगिक प्रतिष्ठानमा दक्ष जनशक्तिको अभाव भइरहेको वर्तमान अवस्थालाई सुधार गरी स्वदेशमा नै प्रविधिमैत्री दक्ष जनशक्ति तयार गरी औद्योगिक प्रतिष्ठानमा आपूर्ति गर्नु ।

४.२.६ निश्चित समय विदेशमा रोजगारी गरी फर्किएका युवालाई सहज रुपमा कर्जा उपलब्ध गराउनुका साथै विदेशमा हासिल गरेको व्यावहारिक ज्ञान, सीप र तालिम स्वदेशमा प्रयोग गर्नु ।

४.२.७ प्रवासी नेपालीको पूँजी, ज्ञान, सीप र क्षमता स्वदेशी उद्योगधन्दाको विकासमा प्रयोग गर्नु ।

४.२.८ विशेष आर्थिक क्षेत्र, निर्यात प्रवर्द्धन क्षेत्र, औद्योगिक करिडोर लगायतका औद्योगिक पूर्वाधारको स्थापना तथा संचालन गरी औद्योगिक उत्पादनलाई विदेशी उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने बनाउनु ।

४.२.९ गिटी, वालुवा तथा ढुंगाको व्यवस्थित उत्खनन्‌बाट पर्यावरण संरक्षण र प्रवर्द्धन गर्नु ।

४.२.१० कृषि उत्पादनलाई उद्योगक्षेत्रसंग जोडी औद्योगिक उत्पादन वृद्धि गर्नु ।

४.२.११ सुमधुर औद्योगिक सम्बन्ध कायम गर्नु ।

## ४.३ सेवा क्षेत्र

४.३.१ पर्यटक आगमनमा उल्लेख्य वृद्धि भएतापनि पर्यटकको बसाई अवधि र खर्च वृद्धि हुन नसकेकाले सोको लागि पर्यटक गन्तब्यहरुको विस्तार गरी बसाई अवधि तथा प्रति पर्यटक खर्च वृद्धि गर्नु ।

४.३.२ वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण आप्रवाह उच्च रहेतापनि वैदेशिक रोजगारीमा जाने नेपालीको संख्यामा कमी आएकोले आगामी दिनमा विदेशी मुद्रा आर्जनमा वैकल्पिक श्रोतको विकास र विस्तार गर्नु ।

४.३.३ घरजग्गा तथा रियलस्टेट व्यवसायलाई व्यवस्थित गर्नु ।

४.३.४ ग्रामीण तथा दुर्गम क्षेत्रमा वित्तीय पहुँच अभिवृद्धि गर्नु ।

४.३.५ विदेशी वस्तु तथा सेवाको आयातमा वृद्धि भइरहेको सन्दर्भमा स्वदेशी वस्तुको उत्पादन वृद्धि गरी विदेशी वस्तुको आयात प्रतिस्थापनबाट व्यापार घाटा न्यूनीकरण गर्नु ।

४.३.६ गरीब, विपन्न र दुर्गम क्षेत्रका जनतासम्म गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको पहुँच विस्तार गर्नु ।

## ४.४ पूर्वाधार क्षेत्र

४.४.१ विद्युतको राष्ट्रिय तथा अन्तरदेशीय प्रसारण लाईनको विस्तारमा अन्तरसरकारी तथा अन्तरदेशीय निकायबीच समन्वय गर्नु ।

४.४.२ सडक, विद्युत, सञ्चार तथा राष्ट्रिय महत्वका आयोजनाको निर्माणलाई तीब्रता दिई देशका सवै स्थानीय तहमा पूर्वाधारको पहुँच विस्तार गर्नु ।

४.४.३ कृषि क्षेत्रमा प्रयोग भइरहेको विषादी नियन्त्रण गर्न हरेक स्थानीय तहमा विषादी मापन केन्द्रको स्थापना र सो को प्रभावकारी संचालन गर्नु ।

४.४.४ भन्सार कार्यालयको स्तरोन्नति गर्दै प्रत्येक भन्सार नाकामा क्वारेन्टाइन जाँच संयन्त्र स्थापना गरी उपभोक्ताको स्वास्थ्य संरक्षण गर्नु ।

४.४.५ यातायातका विविध संजालको विकास एवम् विस्तार गरी आन्तरिक तथा वैदेशिक व्यापारको लागत न्यूनीकरण गर्नु ।

४.४.६ प्रतिकूल मौसमका कारण विविध क्षेत्रमा पर्ने प्रभाव न्यूनीकरण गर्न मौसम पूर्वानुमान संयन्त्रको क्षमता अभिवृद्धि गर्नु ।

***